## प्रेस विज्ञप्ति

मे १–५, २०१९ मा चीनको गोन्जाओ शहरमा आयोजना हुने $125^{th}$ China Import and Export Fair(Canton Fair) मा नेपालको सहभागिका लागि पूर्व तयारी पुरा भएको छ। यस मेलामा नेपाली उद्योगी/व्यवसायीहरुको सहभागिताबाट चीन लगायत अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुलाई प्रवर्द्धन गर्न उल्लेखनीय सघाउ पुग्ने अपेक्षा गरिएको छ। करिब १०० भन्दा बढी देशहरुको प्रतिनिधित्व हुने यस विशाल मेलामा नेपाल लगायत चीन, दक्षिण कोरिया, थाइल्याण्ड, मलेशिया, जर्मनी, संयुक्त राज्य अमेरिका, टर्की, फ्रान्स, भारत लगायतका मुलुकहरुको उल्लखिनीय सहभागिता रहने छ। करिब ११ लाख वर्गमिटर क्षेत्रफलमा फैलिएको विश्वकै ठूलो यस प्रदर्शनीस्थलमा आयोजक चीन बाहेकका राष्ट्रहरुलाई International Pavilion मा राखिने छ।

यस मेलामा करिब २ लाख Buyers हरुले अवलोकन गर्ने अनुमान गरिएको छ। नेपालले यस मेलामा रेशाजन्य वस्तुहरुका उत्पादन, जडिबुटिका सुगन्धित तेल, सिंगिङ बाउल, चांदीका गरगहना, हस्तकलाका सामानहरु प्रदर्शनी गरिने छ। नेपाल महिला उद्यमी महासंघ, हर्ब्स एण्ड हर्बल प्रोडक्ट्स एशोसिएसन लगायत चारवटा स्टलमा छ वटा फर्म/कम्पनीहरुलाई सहभागि गराईने छ। मेलामा नेपालको सहभागिताबाट नेपालको मौलिक उत्पादनहरुलाई अन्तर्राष्ट्रिय जगतमा पहिचान दिलांउदै निकासीमा अभिवृद्धि गर्ने उद्धेश्य राखिएको छ। नेपाली महावाणिज्य दुतावास गोन्जाओ चिनको सहजीकरणमा व्यापार तथा निकासी प्रवर्द्धन केन्दको चालु आ. व. को वार्षिक कार्यक्रम वमोजिम स्टलमा आर्थिक सहयोग गरी उद्योगी/व्यवसायीहरुलाई मेलामा सहभागिता गराईको छ।

उक्त व्यापार मेलामा सहभागिहरु र केन्द्र वीच नेपालको प्रभावकारी सहभागिताको लागि व्यवसायीहले लिन सक्ने लाभ, भन्सार सहजीकरण, मेलावाट हुने प्रभाव वारे छलफल एवं अन्तरक्रिया गरी नेपालको वढ्दो व्यापार घाटा न्यूनीकरण हुने गरी देशको निर्यात व्यापारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। सो अवरसमा G2G र B2B meeting समेतको आयोजना समेत हुने छ।

मिति २०७६/१/११

निर्देशक

मेलामा सहभागिहरु हुने व्यवसायी तथा केन्द्र बीच छलफल एवं अन्तरक्रियाका झलकहरु



